# अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठनसम्बन्धी कार्यविधि, २०७६

प्रदेश सरकार

प्रदेश नं. ५, बुटवल, नेपाल।

# अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठनसम्बन्धी कार्यविधि, २०७६

स्वीकृत मितिः-२०७६/०३/१३

**प्रस्तावनाः**

प्रदेशभित्र अपाङ्गता भएका व्यक्तिहरूको नागरिक, आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक आदि अधिकारको सुनिश्चितता गर्दै उनीहरूलाई नीति तथा विकास निर्माण कार्यमा सरिक गराई सम्मानजनक जीवन बाँच्न पाउने वातावरणको सिर्जना गरी संस्थागत व्यवस्था गर्न वान्छनीय भएकोले,

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्वन्धी ऐन, २०७४ को दफा ४१ बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठन गर्नका लागि प्रदेश सरकार, प्रदेश नं. ५ ले देहायको कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठनसम्बन्धी कार्यविधि, २०७६" रहेको छ।
(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,
(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्दछ।
(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ।
(ग) "समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्दछ।
(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ।
(ङ) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्षलाई सम्झनु पर्दछ।

## परिच्छेद - २
## उद्देश्य

३. **समितिको उद्देश्यः** अपाङ्गता भएका व्यक्तिको प्रदेशस्तरीय समितिको उद्देश्य देहाय बमोजिम रहेका छन्।
(क) प्रदेशभित्र अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी कार्यान्वयन गर्न योजना बनाउने तथा निर्देशन गर्ने,

(ख) प्रदेशभित्र अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) प्रदेशभित्र अपाङ्गता भएका व्यक्तिको हकहितमा काम गर्न विभिन्न निकाय, संघ वा संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

(घ) प्रदेशभित्र अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक जीवन बाँच्न पाउने वातावरण सिर्जना गर्ने,

(ङ) अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारसम्बन्धी कार्यक्रम तर्जुमा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने।

## परिच्छेद - ३

## समितिसम्बन्धी व्यवस्था

४. **समितिको गठनः** (१) अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण, विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन, कार्यक्रम सञ्चालन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि देहाय वमोजिमको पदाधिकारी रहने गरी अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठन हुनेछ।

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय — अध्यक्ष

(ख) खण्ड (ठ) बमोजिमको सदस्यबाट अध्यक्षले नियुक्त गरेको — उपाध्यक्ष

(ग) सदस्य, प्रदेश योजना आयोग (सामाजिक हेर्ने) — सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय — सदस्य

(च) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय — सदस्य

(छ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय — सदस्य

(ज) प्रदेश सरकारको संघ संस्था नियमन गर्ने निकायको प्रतिनिधि — सदस्य

(झ) अध्यक्ष, प्रदेश उद्योग वाणिज्य महासंघ — सदस्य

(ञ) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ प्रदेश नं. ५ — सदस्य

(ट) अपाङ्गता भएका व्यक्तिहरूको प्रदेशस्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूमध्ये फरकफरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुनेगरी समावेशीका आधारमा कम्तीमा अपाङ्गताको क्षेत्रमा ५ वर्ष क्रियाशील ४ जना महिला सहित १० जना — सदस्य

(ठ) अपाङ्गतासँग सम्बन्धी सेवाप्रदायक गैर सरकारी संस्थाहरूमध्येबाट १ जना महिला सहित दुई जना — सदस्य

(ड) पत्रकार महासंघको प्रमुख, प्रदेश नं. ५ — सदस्य

(ढ) मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ट) र (ठ) बमोजिमका सदस्यको मनोनयन मन्त्रालयले गर्नेछ र सदस्यको पदावधि २ बर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा लगातार ३ वटा बैठकमा अनुपस्थित भएमा अध्यक्षले त्यस्ता सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउन निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।

(५) समितिको सचिवालय समितिले तोकेको स्थानमा रहनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) अपाङ्गता भएका व्यक्तिको हकहित तथा अधिकारका सम्बन्धमा दीर्घकालीन नीति तर्जुमा गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) अपाङ्गतासम्बन्धी प्रचलित कानूनमा आवश्यक सुधार गर्नुपर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ग) अपाङ्गताका सम्बन्धमा प्रदेश सरकारबाट स्वीकृत नीतिको अधिनमा रही अपाङ्गतासम्बन्धी विभिन्न प्रकारका योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(घ) प्रदेशभित्र अपाङ्गतासम्बन्धी काम कारबाहीमा विभिन्न सरकारी निकाय वा गैरसरकारी संस्थाहरूबीच समन्वय गर्ने,

(ङ) अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण गर्दै उनीहरूलाई विना भेदभाव स्वतन्त्र र सम्मानजनक जीवन बाँच्न पाउने वातावरण सिर्जना गर्ने,

(च) अपाङ्गता भएका व्यक्तिको सेवा सुविधाका लागि प्रयोग हुने उपकरणको उपलब्धता र प्रयोगलाई प्रवर्धन गर्न पहल गर्ने,

(छ) अपाङ्गता हुनबाट बच्ने उपाय, अपाङ्गता भएका व्यक्तिको सम्मान तथा उनीहरूप्रति गर्नुपर्ने व्यवहारका सम्बन्धमा प्रदेशभित्र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ज) बहिरा तथा सुस्त श्रवण र दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिका लागि दोभाषेको सेवा उपलब्ध गराउने, नेपाली साङ्केतिक भाषाको अनुसन्धान, विकास एवं प्रवर्द्धन गर्न तथा त्यसका लागि आवश्यक शब्दकोश र स्पर्श सञ्चारको विकास गर्ने, गराउने,

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि दोभाषे भन्नाले बहिरा वा सुस्त श्रवण व्यक्तिको सञ्चारमा सहजीकरण गर्न साङकेतिक भाषा, अनुवादक सुस्त श्रवण भएका व्यक्तिका लागि क्याप्सनर वा श्रवण दृष्टिविहीन व्यक्तिका लागि सञ्चारमा सहजीकरण गर्न, स्पर्श सञ्चार अनुवादक सम्झनुपर्दछ।

(झ) प्रदेशभित्रका भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त बनाउन आवश्यक नीति निर्माणका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ञ) प्रदेशभित्र अपाङ्गता भएका व्यक्तिको हकहित, प्रवर्धन तथा अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग र समन्वय गर्ने,

(ट) प्रदेशभर अपाङ्गता भएका व्यक्तिका लागि सन्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने,

(ठ) अपाङ्गताका सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान, सूचना सङ्कलन तथा प्रशोधन र प्रकाशन गर्ने, गराउने कार्यका लागि सहजीकरण गर्ने,

(ड) अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिका प्रावधान कार्यान्वयन गर्न सम्बन्धित निकायलाई उपयुक्त कार्यक्रम समावेश गर्न लगाउने,

(ढ) अपाङ्गता भएका व्यक्तिहरूको हकहित, अधिकार वा आत्मसम्मानमा चोट पुऱ्याउने कार्य कसैद्वारा भए गरेको पाइएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

६. **समितिको बैठकसम्बन्धी कार्यविधिः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ। तर, दुईवटा बैठकको अन्तर चार महिनाभन्दा बढी हुनेछैन।

(२) समितिको बैठकको अध्यक्षता सो समितिका अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(३) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा कम्तीमा बहत्तर घण्टा अगावै समितिका सबै सदस्यलाई दिनुपर्नेछ।

(५) समितिका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक हुनेछ।

(७) समितिले सम्बन्धित क्षेत्रका पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय सो समितिको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद - ४
## विविध

७. **बैठक भत्ता तथा सुविधासम्बन्धी व्यवस्थाः** समितिका पदाधिकारीले बैठकमा भाग लिए वापत प्रचलित कानून बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

८. **अधिकार प्रत्यायोजन**: समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य सचिव वा प्रदेश सरकारका कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

९. **निर्देशन दिनेः** प्रदेश सरकारले समितिको काम कारवाहीका सिलसिलामा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१०. **प्रदेश सरकारसँगको सम्पर्कः** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नेछ।

११. **बार्षिक प्रतिवेदन पेश गर्नेः** समितिले बर्षभरी आफूले गरेको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

१२. **मापदण्ड बनाउन सक्नेः** यस कार्यविधिमा तोकिएका काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागि समितिले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ।

१३. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषय यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

१४. **संशोधनः** यस कार्यविधिमा प्रदेश सरकारले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

१५. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।